त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा, बल्खु

**सेमेष्टर परीक्षा प्रणाली अनुसार चार वर्षे स्नातक तह Bachelors in Information Technology (BIT) कार्यक्रम २०७९ सालको नयाँ विद्यार्थी भर्ना सम्वन्धी अत्यन्त जरुरी सूचना**

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका आंगिक क्याम्पसहरुमा सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत Grading System अनुसार पठन पाठन हुने चार वर्षे स्नातक तह **Bachelors in Information Technology (BIT)** कार्यक्रममा भर्ना हुन इच्छुक विद्यार्थीहरुको निमित्त २०७९ सालको लागि निम्नानुसारको नयाँ भर्ना कार्यक्रम प्रकाशित गरिएको छ ।

१. **आवेदनको लागि न्यूनतम योग्यता :**

(क) त्रि.वि.वा यसवाट मान्यता प्राप्त संस्थावाट प्रविणता प्रमाण पत्र तह वा सो सरहको परीक्षामा जुनसुकै संकायबाट अंग्रेजी र गणित विषय १००/१०० पूर्णाङ्क लिई कम्तिमा दोश्रो श्रेणीमा उत्तीर्ण गरेको हुनु पर्ने ।

(ख) माध्यमिक विद्यालयको जुनसुकै धारबाट कक्षा ११ वा १२ मा अंग्रेजी र गणित विषय १००/१०० पूर्णाङ्क लिई उक्त विषयहरुमा कम्तिमा C Grade ल्याई ११ र १२ कक्षाको अन्तिम ग्रेड CGPA 2.00 वा कक्षा १२ मा अंग्रेजी र गणित विषय १००/१०० पूर्णाङ्क लिई उक्त विषयहरुमा कम्तिमा C Grade ल्याई अन्तिम Grade CGPA 2.00 प्राप्त गरेको हुनु पर्ने ।

(ग) A Level को परीक्षामा (अंग्रेजी र गणित विषय १००/१०० पूर्णाङ्क लिई) न्युनतम D Grade (With or Without Small Letter) ल्याई उत्तीर्ण गरेको हुनुपर्ने ।

(घ) CTEVT बाट Three Years Diploma उत्तीर्ण गरेका विद्यार्थीहरुको हकमा (अंग्रेजी र गणित विषय १००/१०० पूर्णाङ्कको लिई) कम्तिमा दोश्रो श्रेणीमा उत्तीर्ण गरेको हुनु पर्ने ।

२. **आवेदन प्रक्रिया Completely Online :**

(क) विज्ञान तथा प्रविधि अध्ययन संस्थानको webpage https://www.entrance.tuiost.edu.np मा रहेको BIT प्रवेश परीक्षाको Link मा गई आवेदक स्वयम्ले आवेदन फारम भरी Online बाट नै सोही Website मार्फत Submit गर्नुपर्ने छ ।

(ख) tuIoST को Website मा Online फारम २०७९।०५।२७ गते विहान १०:०० बजे देखि मिति २०७९।०७।१५ गते सम्म मात्र उपलब्ध हुनेछ । तोकिएको समय पश्चात Online फारम स्वत: बन्द हुनेछ ।

(ग) दोब्बर दस्तुर तिरी Online फारम २०७९।०७।१६ गते विहान १०:०० बजे देखि मिति २०७९।०७।२१ गते सम्म मात्र उपलब्ध हुनेछ ।

(घ) आवेदन फारम Internet सुविधा भएको कुनै पनि स्थानबाट तोकिएका दिनहरुमा कुनै पनि समयमा भर्न सकिने छ ।

(ङ) प्रवेश परीक्षा शुल्क वापतको रकम रु. १,५५०।- (अक्षेरुपी एक हजार पाँच सय पचास मात्र) नेपाल भित्रको ग्वोवल आई.एम.ई.बैंक लि.को कुनै पनि शाखाबाट विज्ञान तथा प्रविधि अध्ययन संस्थान प्रवेश परीक्षाको लागि सो बैंकबाट तयार गरिएको विशेष भौंचर भरी यस कार्यालयको ग्लोवल आई.एम.ई.बैंक लि., कीर्तिपुर शाखामा रहेको तोकिएको खातामा जम्मा हुने गरी बुझाएको हुनुपर्ने छ । भर्ना पोर्टलमा रहेको Online माध्यमबाट tuIoST को Website मा दिइएको app तथा link प्रयोग गरेर शुल्क जम्मा गर्न सकिने छ । Online फारम भर्दा बैंकको भौंचर नम्वर वा Transaction ID number अनिवार्य रुपमा भर्नु पर्ने छ । आवेदकहरुले आवेदन शुल्क मिति २०७९।०७।१५ गते अपरान्ह ३:०० बजे सम्म दाखिला गरी सक्नु पर्ने छ । दोब्बर दस्तुर तिरी आवेदन गर्ने आवेदकहरुले मिति २०७९।०७।२१ गते अपरान्ह ३:०० बजे सम्म आवेदन शुल्क दाखिला गर्नु पर्ने छ । बैंक भौंचर काटी सकेपछि आवेदन शुल्क वापत वुझाएको रकम फिर्ता हुने छैन ।

(च) आवेदकले फारम भर्दा Online मा उपलब्ध निर्देशनलाई अनिवार्य रुपले पालना गर्दै जानकारीहरु तथा Upload गर्नु पर्ने सामाग्रीहरु सहित Submit गर्नु पर्नेछ । आवेदनको न्युनतम योग्यता प्रमाणित गर्न कक्षा ११ र १२ को सर्टिफिकेट/ट्रान्सक्रिप्ट/मार्कसिट/समकक्षता प्रमाणपत्र इत्यादी तथा हस्ताक्षर सहितको MRP Standard फोटो लगायतका सामाग्रीहरु तयार गरेपछि मात्र फारम भर्न सूचित गरिन्छ ।

(छ) Online बाट परीक्षा फारम भरी Submit गरी सकेपछि तत्कालै प्राप्त हुने Acknowledgement Page Print गर्नुपर्नेछ ।

(ज) मिति २०७९।०७।२२ गते देखि Online माध्यमबाटै चरणबद्ध रुपमा प्रवेश पत्र उपलब्ध गराईने छ । उक्त प्रवेश पत्र Download गरी Color Print गर्नु पर्नेछ । परीक्षामा सामेल हुन अनिवार्य रुपले प्रवेश पत्र सहित आफुले तोकेको जिल्ला/केन्द्रमा जानु पर्नेछ । प्रवेश पत्रको साथै आफ्नो परिचय खुलाउने फोटो सहितको ID (जस्तै नागरिकता प्रमाणपत्र वा सवारी चालक प्रमाणपत्र वा मतदाता परिचय पत्र वा राष्ट्रिय परिचय पत्र वा पछिल्लो शैक्षिक तहको प्रवेशपत्र) पनि ल्याउनु पर्नेछ ।

३. **Online फारम भर्दा नै विद्यार्थीहरुले परीक्षा दिने जिल्ला रोज्नु पर्नेछ । ति निम्न हुने छन् ।**

(क) काठमाडौं उपत्यका
(ख) मोरङ
(ग) सुनसरी
(घ) सिरहा
(ङ) सप्तरी
(च) धनुषा
(छ) पर्सा
(ज) चितवन
(झ) रुपन्देही
(ञ) बाँके
(ट) कन्चनपुर

४. **प्रवेश परीक्षा हुने मिति र समय:** २०७९ साल कार्तिक २६ गते शनिबार दिनको १२:०० बजेदेखि ।

५. **प्रवेश परीक्षाको केन्द्र :** पछि प्रकाशित गरिने छ ।

६. **प्रवेश परीक्षा सम्बन्धी जानकारी :**

(क) प्रवेश परीक्षाको अंकभार १०० पूर्णाङ्कको हुने छ । जसमा I.Sc./११ र १२ वा सो सरहको पाठ्यक्रमको आधारमा गणित विषय ४० अंक, अंग्रेजी विषय ४० अंक र सूचना प्रविधि सहितको सामान्य ज्ञानको १०/१० अंक गरी जम्मा १०० अंकभार रहेको Objective प्रश्नहरु हुनेछन् । पाठ्यक्रमको आधारमा निम्न विषयका निम्न समूहमा Objective/Multiple Choice प्रश्नहरु सोधिने छ ।

| Particulars | Group A | Group B | Group C |
|---|---|---|---|
| Marks | 40 | 40 | 10/10 |
| Subject | Mathematics | English | Computer with GK |
| Curriculum | Grade 11 | Grade 11-12 | |

(ख) प्रवेश परीक्षाको सम्पूर्ण प्रश्नहरु Objective हुने छन् ।

(ग) प्रवेश परीक्षा उत्तिर्ण हुन पूर्णाङ्कको ३५% अंक प्राप्त गर्नु पर्ने छ ।

(घ) प्रवेश परीक्षाको नतिजामा परीक्षार्थीहरुले बराबर अंक प्राप्त गरेमा प्रवेश परीक्षामा गणित विषयमा प्राप्त गरेको अंकको आधारबाट योग्यता सूची तयार (Placement) गरिने छ । त्यहाँ पनि बराबर अंक भएमा क्रमशः अंग्रेजी र सामान्यज्ञान+सूचना प्रविधि विषयमा प्राप्त गरेको अंकलाई आधार बनाईने छ । सबैमा बराबर अंक भएको अवस्थामा कमशः तल्लो शैक्षिक तहलाई आधार वनाईने छ । यी आधारबाट प्राप्त अंकहरु प्रकाशित हुने छैनन् ।

७. **कक्षा संचालन र भर्ना प्रक्रिया : पछि प्रकाशित गरिने छ ।**

८. **भर्ना :**

प्रवेश परीक्षाको नतिजा पश्चात हरेक परीक्षार्थीले आ-आफ्नो Score Sheet Download गर्नुपर्ने छ । नतिजा प्रकाशित भए लगत्तै परीक्षार्थीहरुलाई प्राथमिकता फारम (Priority Form) भराइनेछ । इच्छुक परीक्षार्थीहरुले आफूले पढन खोजेको क्याम्पस/कलेजहरुको नाम तोक्न पाईने छ । ३ वटा क्याम्पस/कलेज सम्मको Priority Form भर्न रु.२००।- (अक्षेरुपी दुई सय मात्र) शुल्क लाग्ने छ, सो भन्दा वढी अधिकतम १० वटा क्याम्पस/कलेज सम्म Priority Form भर्न रु.५००।- (अक्षेरुपी पाँच सय मात्र) शुल्क लाग्ने छ । सो शुल्क पनि बुँदा २ (घ) मा उल्लेख भए अनुसारको प्रक्रिया अपनाई बुझाउनु पर्ने छ । विज्ञान तथा प्रविधि अध्ययन संस्थान केन्द्रीकृत भर्ना अनुगमन समितिको कार्यविधि २०७९ अनुसार भर्ना प्रक्रिया हुने छ ।

९. **समावेशी कोटा सम्बन्धमा :**

क्याम्पस/कलेजहरुले त्रि.वि.सेमेष्टर प्रणाली संचालन विनियम, २०७४ अनुसार तोकिए बमोजिम समावेशी कोटाको आधारमा भर्ना गर्नुपर्ने छ । सोको जानकारीका लागि समावेशी फारम यस कार्यालयको website मा राखिने छ ।

१०. **छात्रवृत्ति सम्बन्धमा :**

त्रि.वि., विज्ञान तथा प्रविधि अध्ययन संस्थान छात्रवृत्ति सम्वन्धी कार्य निर्देशिका २०७९ ले तोके वमोजिम हुने छ ।

मिति:२०७९।०५।२३

सहायक डीन